## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२७/२०७९/०८०

### निर्णय नं.(१)

प्रस्ताव नं.(१) माथि छलफल गर्दा निरन्तर रुपमा अत्याधिक गर्मी वढेर विद्यालयको पठन पाठनमा समेत समस्या हुन सक्ने देखिएकाले कानेपोखरी गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुलाई २०८०-०२-१९ गते शुक्रबार देखि २०८०-२-२३ गते मंगलबार सम्म वर्खे विदाबाट कट्टा हुने गरी गर्मि विदा दिने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

### निर्णय नं.(२)

प्रस्ताव नं.(२) माथि छलफल गर्दा उच्च अदालत विराटनगरमा दर्ता भएको मुद्दा नं.079-W0-0445 को विपक्षी नं.१,२,३, र ४ क्रमशः कानेपोखरी गाउँपालिका, कानेपोखरी गाउँ कार्यपालिका, कानेपोखरी गाउँपालिका अध्यक्ष राजमती इङ्गनाम र प्रमुख प्रशासकीय अधिकृतका तर्फबाट उच्च अदालत विराटनगरको उत्प्रेषण परमादेशको लिखित जवाफ पेश गर्न कानेपोखरी गाउँपालिकाका वार्ड नं.२ का वडाध्यक्ष श्री सुशिल बुढाथोकीलाई प्रतिनिधि तोक्ने सर्वसम्मतबाट निर्णय पारित गरियो।

### निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा स्यालो ट्यूववेल खरिदमा(सझेदारी) कार्यक्रमबाट ५०% अनुदानमा कार्यक्रम संचालन भैरहेकोमा उक्त कार्यक्रममा ५०% अनुदान नभई प्रति स्यालो ट्यूववेल रु.३०००० (तीस हजार) अनुदान दिने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

### निर्णय नं.(४)

प्रस्ताव नं.(४) माथि छलफल गर्दा तराई-मधेश समृद्धी कार्यक्रम अन्तर्गतको कानेपोखरी गाउँपालिका वार्ड नं.७ को कानेपोखरी बजारमा कृषि सेड निर्माण भैरहेकोमा सव-डिभिजन तथा डिभिजन वन कार्यालय मोरङवाट उक्त स्थानमा निर्माण कार्य नगर्नु भनि पत्र प्राप्त भएकोले उक्त कार्यलाई उद्देश्यमा कुनै फरक नपर्ने गरी वन(सामुदायीक वन)मातहतको जग्गा बाहेकको स्थानमा वडा नं.७ को वडा समितिको निर्णय र सो बमोजिमको सिफारिसको आधारमा स्थान परिवर्तन गरी कृषि सेड निर्माण अगाडि बढाउने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

### निर्णय नं.(५)

प्रस्ताव नं.(५) माथि छलफल गर्दा देहाय बमोजिमको निर्णय सर्वसम्मतबाट पारित गरियो ।

क) नुहाउने साबुन बनाउने तालिम संचालन रु.१५००००।-

ख) वार्ड नं.६ को आदर्श वचत पश्चिम भलुवा खोलामा होमपाईप जडान कार्य रु.१०००००।- मर्मत सम्भार कोषबाट गर्ने,

ग) कानेपोखरी-१ र बेलबारी-७ जोडने कोचेनी खोलामा आवात जावत गर्न अस्थायी संरचना निर्माण गर्न रु.८५०००।-

घ) गाउँपालिकाको प्रशासनीक भवनको दक्षिण पट्टिको नाली सफा गर्न रु.३००००।-

**मिति २०८०।०२।१८ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

राजमती इङ्गनाम
अध्यक्ष

CamScanner

ङ) कानेपोखरी-५ का सुर्य बहादुर परियारलाई समर्थन पुनस्थापना केन्द्रमा उपचार गरिरहेकाले उक्त केन्द्रलाई गाउँपालिकाको तर्फबाट रु.१५०००|- उपलब्ध गराउने |-

च) मैनावारी आधारभूत विद्यालय जाने सडक स्तरोन्नति गर्न रु.१०००००|-मर्मत सम्भार कोषबाट गर्ने।

छ) वार्ड नं.६ बस्ने सन्तोष माझिको घरको छाना मर्मतको लागी सुरक्षित नागरिक आवास कार्यक्रमबाट रु.५००००|-आर्थिक साहयता दिने ।

ज) कानेपोखरी अस्पताल, बयरवन, मोरङमा स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत फार्मेसी सञ्चालनका लागि भिजन मेडिको, भद्रपुर-१०, झापासँगको सम्झौता बमोजिम फार्मेसी सञ्चालन हुँदै आएकोमा उक्त मेडिकोसँग सम्झौता भङ्ग भई अस्पताल आफैले फार्मेसी सञ्चालन गर्ने गाउँपालिकाको निर्णय बमोजिम गाउँपालिका आफैले फार्मेसी सञ्चालन गर्न तत्काल औषधीको व्यवस्थापन गर्नुपर्ने भएकाले उक्त मेडिकोसँग मौज्दातमा रहेको औषधी नै अस्पतालले प्रयोग गर्ने व्यवस्था मिलाउनका लागि गाउँ कार्यपालिकाको बैठक नं. २/१९/२०७९/०८०, मिति २०७९/१०/१० को निर्णय नं. ३/क मा भएको थियो। कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति, ४ नं. वडा समिति, अस्पतालका मेडिकल अधिकृत सहितका स्वास्थ्यकर्मी/कर्मचारी र उक्त भिजन मेडिकोको प्रतिनिधि समेतको रोहबरमा उक्त मेडिकोको मौज्दातमा रहेको औषधीको परिमाण, खरिद मूल्य, विक्री मूल्य, ब्याच लगायतको विषय समावेश भएको मुचुल्का बमोजिम कूल परिमाणको औषधीको लागत मूल्य रु. १९,२१,२२७।०७ रहेको भनी मुचुल्का प्राप्त भएकोमा कूल रकमको १५% छुट सहितको रकम भुक्तानी गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाको बैठक संख्या २/२२/२०७९/०८०, मिति २०७९/१२/१३ मा निर्णय भएकोमा उक्त मेडिकोले कुनै छुट उपलब्ध गराउन नसक्ने १५% रकम घटाएर भुक्तानी नलिने सम्बन्धी आवेदन समेत प्राप्त भएकोमा गाउँ कार्यपालिकाको बैठक संख्या २/२४/२०७९/०८०, मिति २०८०/०१/०७ को निर्णय नं. १३ अनुसार मुचुल्कामा उल्लिखित रकम रु. १९,२१, २२७/०७ रकम नै भुक्तानी गर्ने भनिएकोमा पुन: उक्त मेडिकोको तर्फबाट सञ्चालकले भुक्तानीमा ढिला भएकाले आफू मुचुल्कामा उल्लिखित कूल रकमको ५% रकम छुट दिन सक्ने प्रतिवद्धता व्यक्त गरेकाले मुचुल्कामा उल्लिखित रकम रु. १९,२१,२२७।०७ को ५% रकम कटाई बाँकी हुन आउने रकम रु. १८,२५,१६५।७२ भिजन मेडिकोलाई भुक्तानी गर्नका लागि कानेपोखरी अस्पताल, बयरवन, मोरङलाई लेखी पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो।

झ) कानेपोखरी अस्पताल, बयरवन, मोरङमा स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत फार्मेसीको सञ्चालन भिजन मेडिको, भद्रपुर-१०, झापाले गर्दै आएकोमा उक्त फार्मेसीमा अनियमितता भएको भन्ने उजुरी (दर्ता नं. ९२०, मिति २०७९/०८/१६) का आधारमा गाउँ कार्यपालिकाको बैठक संख्या २/१३/२०७९/०८०, मिति २०७९/०८/१७ को निर्णयानुसार छानविन समिति गठन भएको। औषधी व्यवस्था विभाग, शाखा कार्यालय, विराटनगरले मिति २०७९/०८/१५ गते अस्पतालमा अनुगमन गरी मिति २०७९/०८/०१ देखि २०७९/०८/१५ गते सम्मका वीमा दावी गरिएको औषधीको विल प्रिन्टकपी र ओ.पि.डी पुर्जा सहितका कागजातको अध्ययन गर्दा जम्मा १९ जना लाभग्राहीको चिकित्सकको सिफारिस र विलमा उल्लेख भएको औषधीको विवरणमा फरक परेको देखिएकाले आवश्यक अनुसन्धान गर्नुपर्ने सम्बन्धी प्राप्त पत्र तथा गाउँपालिकाले गठन गरेको छानविन समितिको



२

CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२७/२०७९/०८०**

प्रतिवेदन अनुसार चिकित्सकको प्रेस्क्रिप्सन र औषधीको विलिङ्गमा रु. ३६३९।७ फरक परेको र उक्त १९ जना विरामीको कूल रकम रु. ३०४२४।०० को विलिङ्ग भएकाले त्यसरी फरक पर्नुमा प्रमुख रुपमा वीमाको दावी फार्मेसी सञ्चालकले गर्दै आएकाले सो को जिम्मेवारी समेत निज सञ्चालकको भएकाले कूल विलिङ्ग रकम रु. ३०४२४।०० नै उक्त फार्मेसी सञ्चालकसँग जरिवाना लिने तथा उक्त फार्मेसी सञ्चालकले सम्झौता बमोजिम गाउँपालिकालाई बुझाउनु पर्ने रकम लिएर निजले फार्मेसी सञ्चालन गरेको अवधिमा स्वास्थ्य वीमा बोर्डमा भएको दावी वापत अस्पताललाई प्राप्त रकम मध्ये नियमानुसार फार्मेसी सञ्चालनले पाउनु पर्ने रकम भुक्तानी गर्नका लागि कानेपोखरी अस्पताल,बयरवन, मोरङलाई लेखी पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मिति २०८०।०२।१८ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

राजमती इक्नाम
अध्यक्ष